# शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावर बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति: २०८२/07/01**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँके को च.न २५११ मिति २०८१/११/१५ को वन पैदावार संकलन सहमयत बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँके को च.न ७६१ मिति २०८२/०६/१२ गतेको वाह्य लिलाम सहमति र जिल्ला वन पैदावार आपुर्ति समिति, बाँकेको च.नं. २०९ मिति २०८२/०३/३० गतेको काठ दाउरा फिर्ता गरिएको पत्रानुसार समूहको घाटगद्दीमा रहेका साल, असना, जामुन, कर्मा, कुम्भि, धौटी, खयर, दवदवे, लगायत जातका कुल जम्मा गोलिया थान ७३४ को ४६०३.९९ क्यू.फिट काठ तथा साल जातको ५ चट्टा दाउरा र अन्य जातको २१.२५ चट्टा गरी कुल २६.२५ चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सूचना प्रकाशित गरिएको हो । इच्छुक वन पैदावरको लिलाम विक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका सःमिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलवन्दी वोलपत्र खरिद गरी २२ औं दिनको दिउसो १२:३० बजे भित्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्वन्धी विस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पातिकामा टाँस गरिएको छ ।

**श्री सिद्ध साईकुमारी सामुदायिक वन उपभोक्ता समूह, राप्तीसोनारी-0२, बाँके**